बैठक नं. ६

आज मिति २०७५ साल कार्तिक १८ गतेका दिन यस लिखु गाउँपालिकाका अध्यक्ष श्री गोविन्द बहादुर पौडेलको अध्यक्षतामा लिखु गाउँकार्यपालिकाको नियमित मासिक बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

१. अध्यक्ष - श्री गोविन्द बहादुर पौडेल
२. उपाध्यक्ष - श्री शान्ता ढुंगेल
३. वडाध्यक्ष - श्री कुमारराज सुवेदी
४. " - श्री रामहरि बुढाथोकी
५. " - श्री गोपाल खड्का
६. " - श्री धनबहादुर कार्की
७. " - श्री गोपाल खत्री
८. " - श्री टिका बहादुर क्याप्छाकी
९. " - श्री वेद बहादुर कार्की
१०. " - श्री विशाल कुमार पौडेल
११. " - श्री शुकवीर तामाङ
१२. कार्यपालिका सदस्य - श्री मावर सुनुवार
१३. " " - श्री लालकुमारी तोलाङी बर्मा
१४. " " - श्री तिलकुमाया खत्री
१५. " " - श्री अप्सरा पाठक सुवेदी
१६. " " - श्री टेकबहादुर वि.क.
१७. " " - श्री सीता खत्री
१८. सदस्य सचिव - श्री ओमबहादुर दर्पा

## प्रस्तावहरु

१. प्रतिवेदन तथा समीक्षा सम्बन्धमा ।
२. लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. योजना संचालन तथा उपभोक्ता समिति गठन सम्बन्धमा ।
४. DPR र Master plan सम्बन्धमा ।

५. थप एडमिन स्टाफ नियुक्ति सम्बन्धमा ।

६. कृषि व्यवसाय दर्ता र सहकारी दर्ता कार्यविधि सम्बन्धमा ।

७. सडक मर्मत सम्बन्धमा ।

८. स्वास्थ्य Unit सम्बन्धमा ।

## निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गा.पा. अन्तर्गत भएका विविध कार्यक्रमहरुको प्रतिवेदन पेश भएकोमा यस कार्यपालिकाबाट उक्त प्रतिवेदनहरु सर्वसम्मतीबाट अनुमोदन गरी कर्मचारीहरुका लागि सूचना प्रविधि सचेतना तथा सीपमूलक ५ दिने तालीममा भएको खर्च प्रतिवेदनमा उल्लेख भए बमोजिमको रकम विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो। साथै विगतमा कार्यपालिकाबाट भएका निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा समीक्षा गरी काम हुन अपर्याप्त कार्यान्वयन हुन नसकेका विभिन्न निर्णयहरुको सम्बन्धमा आगामी दिनमा सम्बन्धित सरोकारवाला पक्षहरुले तदारुकताका साथ काम अगाडि बढाउने र कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. २ माथि व्यापक छलफल लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा असुल उपर गर्नु पर्ने बेरुजु बाहेकका बेरुजुका लागि आवश्यक कागजपत्रहरु सम्बन्धित सरोकारवाला व्यक्ति तथा पक्षहरुबाट संलग्न भएका कागजपत्रहरु सम्परीक्षणको प्रयोजनार्थ पेश गरी कार्यालयबाट सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयलाई पत्राचार गर्ने सर्वसम्मतीबाट निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तर्गत आ.व. ०७५/७६ मा संचालन हुने तथा हुन गई रहेका विकास योजना संचालन र उक्त उक्त योजना संचालनका लागि उपभोक्ता समिति गठन सम्बन्धमा योजनाको संचालन गर्नको निमित्त हाललाई योजना सम्झौता गरी निकासा भए पश्चात मात्र योजनासंग सम्बन्धित रकम भुक्तानी गर्ने र

सम्बन्धित योजनाहरूको संचालनको लागि मंसिर १५ गते भित्र उ.स. गठन गरी सक्नु पर्ने तथा योजनासंग सम्बन्धित अन्य कामहरु तदारुकता का साथ अगाडी बढाउने सर्वसम्मतीबाट निर्णय गरियो।

प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा यस गा.पा. अन्तर्गत संचालित आ.व. ०८२/८३ को योजना अन्तर्गत एकिकृत विकास गुरुयोजनाको सम्बन्धमा सम्झौताका उल्लेखित सम्झौता पत्र अनुसार Next Consult pvt. ले TOR भित्र रही काम गर्नको लागि Briefing तथा परिचयात्मक कार्यक्रम सफल भई तपसिल बमोजिम संचालन समिति गठन गरी कार्यान्वयनमा ल्याउन सर्वसम्मतीबाट निर्णय गरियो।

संचालन समिति

(१) संयोजक – श्री ओम ब. दर्लामी (कार्यकारी अधिकृत)
(२) सदस्य – श्री कुमार राज प्रधान (विषयगत / राजस्व समिति)
(३) " – श्री रामहरी पुडासैनी (आर्थिक विकास " )
(४) " – श्री धन ब. कार्की (सार्वजनिक सेवा तथा सु.)
(५) " – श्री वेद ब. कार्की (भौतिक पूर्वाधार " )
(६) " – श्री टिका ब. बस्याल (विपद व्यवस्थापन " )
(७) " – श्री विशाल कुमार पौडेल (सामाजिक विकास " )
(८) " – श्री भिमसेन कुमार कटुवाल (शिक्षा शाखा प्रमुख)
(९) " – श्री दिनेश दिननाथ चौधरी (स्वास्थ्य " " )
(१०) " – श्री द्रोण कुमार धमला (IT शाखा " " )
(११) " – श्री शंकर प्र. उपाध्याय (कृषि शाखा " )
(१२) " – श्री प्रविन घिमिरे (लेखा " " )
(१३) " – श्री नन्दराज पुडासैनी (पशु विकास शाखा " )
(१४) " – श्री शारदा खतिवडा (योजना " " )
(१५) " – श्री होमनाथ पोखरेल (प्रशासन " " )
(१६) " – श्री ओम प्रकाश तामाङ (उपभोक्ता " )
(१७) सदस्य सचिव – श्री भुवन अधिकारी (इन्जिनियर)

यस गा.पा. को एकिकृत विकास गुरुयोजनाको सम्बन्धमा नेक्स्ट कन्सल्ट प्रा.लि. लाई आवश्यक सल्लाह, सुझाव, पृष्ठपोषण प्रदान गर्ने प्रयोजनको लागि समिति गठन गरियो।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गा.पा. अन्तर्गत गामका खा स्वास्थ्य चौकीमा रिक्त रहेको स्वीपर पदको पदपूर्ति तत्काल गा.पा. बाट खुल्ने Vacancy मा समावेश गरी एउटै पदक विज्ञापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६ माथि व्यापक छलफल गर्दा कृषि व्यवसाय दर्ता र सहकारी दर्ता कार्यविधिको सम्बन्धमा हाल गा.पा. को ऐन, नियम तथा कार्यविधिमा स्पष्ट नभएको कारण संघीय ऐन बमोजिम नै दर्ता गरी सोहि कार्यविधि अपनाई अर्को व्यवस्था नभए सम्मको लागि अगाडि बढ्ने निर्णय गरियो।

प्रस्ताव नं. ७ माथि व्यापक छलफल गर्दा वडा नं. १ देखि ९ सम्मका सडक मर्मत सम्बन्धमा तपसिल बमोजिमका वडा र स्थानमा गरिएको सडक मर्मत कार्यघण्टाको आधारमा पालिका बाट अमानतमा गर्ने गरी संचालन मर्मत शीर्षकबाट रकम उपलब्ध गरी भुक्तानी दिने निर्णय गरियो।

तपसिल

| | | | |
|---|---|---|---|
| वडा नं. | २ | → २० घण्टा × ५५,०० | = १,१०,०००/- |
| वडा नं. | ४ र ५ | → ⟷ | = १,२३,०००/- |
| वडा नं. | ३ | → ⟶ | = १,५६,०००/- |
| वडा नं. | ६ | → ४१ × ५५००/- | = २,२५,५००/- |
| वडा नं. | ८ | → २० घण्टा × ५५००/- | = १,१०,०००/- |

प्रस्ताव नं. ८ माथि छलफल गर्दा वडा नं. ५ मा प्रस्तावित स्वास्थ्य इकाईमा दैनिक कार्य सम्पादन गर्नको लागि एक जना कर्मचारी व्यवस्था गर्ने निर्णय गरियो। साथै सो कर्मचारीलाई मासिक रु. १२,०००/- (अक्षरेपी बाह्र हजार मात्र) अन्य सेवाबाट ने.भ. खर्च गर्ने निर्णय गरियो।